# SHINE RESUNGA DEVELOPMENT BANK LTD.

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.

## Application for Mobile Banking Service
## मोबाइल बैकिङ्ग सेवा (दरखास्त फाराम)

.................................Branch शाखा कार्यालय ।

I/We applicant(s) hereby request Shine Resunga Development Bank Limited to enable me/us to avail mobile banking service to be operated through my/our below mentioned details. I/We agree to accept Development Bank's rules, terms & conditions changed from time to time in this regard.

म/हामी निवेदक मेरो/हाम्रो देहायको विवरणमार्फत शाइन रेसुङ्गा डेभलपमेंण्ट बैंक लिमिटेडको मोबाइल बैंकिङ् सेवा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं । म/हामी यस सम्बन्धमा समय समयमा विकास बैंकले लागू गरेका नियम तथा शर्तहरु पालना गर्न सहमत छु/छौं ।

### Customer Details ग्राहकको विवरण

Full Name Block Letter

पुरा नाम

Type of Account खाताको प्रकार ☐ Saving बचत ☐ Current चल्ती ☐ Others:...................... अन्य:..............................

(Please tick applicable Account Type) (कृपया आवश्यक खाताको प्रकारमा चिन्ह लगाउनुहोस्)

Address ठेगाना

Mobile No. मोबाइल नं.

Mobile Service Provider मोबाइल सेवा दाता ☐ NTC नेपाल टेलिकम ☐ Ncell एनसेल

Email Address इमेल ठेगाना

### Operative Account Details कारोबार गर्ने खाताको विवरण

Account Name खाताको नाम

Primary Account No. मुख्य खाता नं.

Account maintained at खाता रहेको शाखा

Account Type: खाताको प्रकार

Details of other accounts, if the service is intended for the other accounts as well. The account must be opened under same Customer ID. (अन्य खाताहरु भएमा उल्लेख गर्ने । उल्लेखित खाताहरु एउटै ग्राहक परिचय नम्बर अन्तर्गत खोलिएको हुनुपर्नेछ ।)

| Account Number खाता नम्बर | Account Name खातावालाको नाम |
|---|---|
| 1. | |
| 2. | |

### SRDB Mobile Banking Facilities (SRDB मोबाइल बैकिङ्का सुविधाहरु)

Please tick the preferred service/s (कृपया आवश्यक सुविधा रोज्नुहोला )

☐ **SMS Banking** (Transaction Alert Service Only)

☐ **Smart Mobile Banking** (All features like: Topup, Fund Transfer, Utility Payment, Balance Enquiry, QR Code etc.)

☐ **Merchant Banking** (All features of Smart Mobile Banking including checking of transactions done through QR Code)

I/We hereby authorize Shine Resunga Development Bank Limited to debit my/our above mentioned account towards the full settlement of any fee/charges occurred through the use of Mobile Banking Service. I/We hereby declare that the information provided are true and correct. I/We hereby agree that Shine

Resunga Development Bank Limited is entitled to accept or reject my application without assigning any reason whatsoever. I/We agree to receive password and PIN Number in my /our afore-mentioned mobile number. If accepted, I/We hereby declare that I/We have read, understood and will abide by the terms and conditions set for use of Mobile Banking Service (as outlined overleaf) and any other terms and conditions Development Bank comes out with in future along with the rules and regulations of Nepal Rastra Bank.

म/हामी मेरो/हाम्रो माथि उल्लेख गरिएको खाताबाट डेबिट गरी म/हामीलाई प्रदान गरिएको मोबाइल बैंकिङ् सेवाको माध्यमबाट भुक्तानी/रकमान्तर गरी गरिएको सम्पूर्ण कारोवारमा लाग्ने शुल्क तथा दायित्व पूर्ण रुपमा मिलान गर्ने अख्तियारी शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडलाई प्रदान गर्दछु/गर्दछौं । मैले/हामीले यस फारममा दिएको सूचना सहि र दुरुस्त छन् भनी घोषणा/प्रमाणित गर्दछु/गर्दछौं । म/हामी शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडलाई कुनै कारण नदेखाई मेरो/हाम्रो दरखास्त स्वीकृत वा अस्वीकृत गर्ने अधिकार छ भनी मन्जुर गर्दछु/गर्दछौं । मोबाइल बैकिङ्ग सेवाका लागि यस बैंकद्वारा प्रदान गरिने पासवर्ड तथा पिन नम्बर उल्लेखित मोबाइल नम्बरमा प्राप्त गर्न मेरो/हाम्रो मन्जुरी छ । यदि स्वीकृत भएमा, म/हामी घोषणा गर्दछु/गर्दछौं की मैले/हामीले शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको मोबाइल बैकिङ्ग सेवाको माध्यमबाट भुक्तानी/रकमान्तर गर्नका लागि तोकिएका यस दरखास्तको पृष्ठभागमा उल्लेखित शर्तहरु पढे बुझेको छु/छौं र ती शर्तहरुका साथै भविष्यमा विकास बैंकले तोक्ने शर्तहरु एवं नेपाल राष्ट्र बैंकका नियम समेत पालना गर्नेछु/गर्नेछौं ।

Company's Seal (कम्पनी छाप)

Signature of Authorized Person/Applicant

अख्तियारप्राप्त व्यक्ति /निवेदकको दस्तखत

Date
मिति

## FOR BANK'S USE ONLY

Application received on :

Signature verified by :

Mobile Banking Registration Fee:

Application verified by :

Recommended by :

Approved by :

## Terms & Conditions (शर्त तथा बन्देजहरु)

Shine Resunga Development Bank Ltd. (SRDB) shall provide, subject to terms & conditions set out herein, Mobile Banking facilities ('Service').

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि. (विकास बैंक) ले यसमा उल्लेखित शर्तहरुको अधीनमा रही मोबाइल बैकिङ्ग सुविधा (सेवा) प्रदान गर्नेछ ।

1. **Definitions:** In this document the following words and phrases have the meaning set below unless the context indicates otherwise.

   **परिभाषा:** प्रासंगिक रुपमा अर्को अर्थ नलागेमा यस लिखतमा देहायका शब्द वा वाक्यांशको अर्थ देहाय बमोजिम हुनेछ ।

   (a) "Account" shall mean bank account or any other type of account so maintained by the customer with SRDB or may be offered in future.

   "खाता" भन्नाले बैंक खाता वा विकास बैंकमा ग्राहकले खोलेको कुनैपनि प्रकारको खाता वा भविष्यमा प्रस्तावित गर्न सकिने खाता सम्झनु पर्छ ।

   (b) "Customer" shall mean a customer of SRDB or any person who has applied for the Services.

   "ग्राहक" भन्नाले विकास बैंकका ग्राहक वा यस सुविधा माग गर्ने कुनै व्यक्ति सम्झनु पर्छ ।

   (c) "Mobile Payment Services" include but not limited to transfer of funds from primary account to destination account, bill payments (post paid mobile, pre-paid mobile, PSTN lines) etc and any other payments that may be added in future.

   "मोवाईल भुक्तानी सेवा" अन्तर्गत मुल खाताबाट लक्षित खातामा रकम हस्तान्तरण, मोवाईल पोष्टपेड, प्रिपेड, पिएसटिएन लाइन आदिको विल भुक्तानी र भविष्यमा थप हुने अन्य कुनै भुक्तानी समेत सम्झनु पर्छ ।

   (d) "Primary Account" is the customer's account maintained with SRDB. Customer instruction(s) for mobile payment facilities shall be debited to primary account in settlement. Mobile payment service is available only on primary account.

   "मुल खाता" विकास बैंकमा रहेको ग्राहकको खाता हो । मोवाइल भुक्तानी सेवाका लागि ग्राहकले दिएको निर्देशनलाई ग्राहक खातामा समाविष्ट गरिनेछ । मोबाइल भुक्तानी सेवा ग्राहक खातालाई मात्र उपलब्ध गराईनेछ ।

   (e) "Destination Account" is the account of beneficiary maintained with SRDB and where fund is transferred to.

   "लक्षित खाता" भुक्तानी पाउने पक्षले विकास बैंकमा खोलेको खाता हो, जसमा रकम रकमान्तर गरिनेछ ।

   (f) "Mobile Number" shall mean the mobile phone number specified by the customer for the purpose of availing the services.

   "मोबाइल नम्बर" भन्नाले सेवा उपलब्ध गराउने प्रयोजनका लागि ग्राहकले उपलब्ध गराएको मोबाइल नम्बर सम्झनु पर्छ ।

   (g) "PIN" means Personal Identification Number which is unique and generated randomly by SRDB's system. It is confidential password used to authorize requests in the services.

   "पिन" भन्नाले विशिष्ट र विकास बैंक प्रणालीबाट क्रमरहित ढङ्गले सञ्चालित हुने व्यक्तिगत पहिचान नम्बर सम्झनु पर्छ । सेवा हासिल गर्ने आधिकारीक अनुरोध गर्दा प्रयोग गरिने यो गोप्य पासवर्ड हो ।

(h) "Service Provider" shall mean an entity that provides services to other entities, individuals etc.

"सेवा प्रदायक" भन्नाले अन्य निकाय वा व्यक्तिलाई सेवा प्रदान गर्ने निकाय सम्झनु पर्छ ।

(i) Nepal Telecom and Ncell both are Service Providers or others mobile network operators.

नेपाल टेलिकम र एनसेल दुवै सेवा प्रदायक वा अन्य मोबाइल नेटवर्क सञ्चालक हुन् ।

2. **Enforceability of terms and conditions:** These terms and conditions together with the application made by the Customer and as accepted by SRDB shall form the contract between the Customer and SRDB, and shall be further subject to such terms as SRDB may agree with the other service providers.

**शर्त लागु हुने:** ग्राहकको यी शर्तहरु सहित परेको दरखास्त र विकास बैंकले दिएको स्वीकृतिले ग्राहक र विकास बैंक बीच करार खडा गर्नेछ र त्यस्तो करार विकास बैंक र अन्य सेवा प्रदायकका बीच सम्पन्न हुने शर्तहरुको अधीनमा रहनेछ ।

3. **Application for the Service:** Customer shall apply to SRDB for use of the service by filling up the prescribed Mobile Banking Application Form provided by SRDB.

**सेवाका लागि दरखास्त:** ग्राहकले सेवा प्रयोग गर्न विकास बैंकले उपलब्ध गराएको तोकिएको मोबाइल बैंकिङ्ग सम्बन्धी दरखास्त विकास बैंक समक्ष पेश गर्नुपर्नेछ ।

4. **PIN:** The customer acknowledges that use of PIN provides sufficient authority for SRDB to process transactions on designated accounts. SRDB may act on this authority and is not obliged to make further enquiries. Further, the customer acknowledges that SMS is not the safest mode of communication due to its inherent risks and dependence on Service Providers. Followings are the measures customers shall adopt to protect themselves:

**पिन:** पिनको प्रयोगले विकास बैंकलाई तोकिएको खातामा रकम (कोष) रकमान्तर गर्ने प्रयाप्त अख्तियारी हुने कुरालाई ग्राहक स्वीकार गर्दछ । विकास बैंकले यस अख्तियारी बमोजिम कार्य गर्दा थप सोधपुछ गरिरहनु पर्ने छैन । साथै, सेवा प्रदायक माथिको एसएमएसको निर्भरता र यसको नैसर्गिक जोखिमका कारणले एसएमएस सञ्चारको सुरक्षित माध्यम होइन भन्ने कुरा ग्राहक स्वीकार गर्दछ । आफ्नो सुरक्षाका लागि ग्राहकले देहायका उपायहरु अवलम्बन गर्नेछ ।

- Don't keep any record of your PIN, in written or electronic form and don't disclose the PIN to anyone

  पिनको अभिलेखलाई लिखित वा विद्युतीय प्रारुपमा नराख्ने र कसैलाई पिनका बारेमा नबताउने ।
- Always keep your mobile phone along with and do not allow others to use it

  आफ्नो मोबाइल फोन सदैव आफुसँगै राख्ने र अन्य कसैलाई प्रयोग गर्न नदिने ।
- Delete all SMS to and from SRDB

  विकास बैंकले पठाएका र विकास बैंकलाई पठाईएका सबै एसएमएसहरु मेटाउने ।
- Inform SRDB immediately if the mobile phone is lost or stolen, or if the Mobile Number is changed

  मोबाइल फोन हराएमा वा चोरी भएमा वा मोबाइल नम्बर परिवर्तन भएमा तत्काल विकास बैंकलाई जानकारी दिने ।
- Ensure that no unauthorized access is made to their mobile phone and/or the services

  मोबाइल फोन वा यो सेवामा अनाधिकृत पहुँच नभएको कुरा सुनिश्चित गर्ने ।
- Change the PIN on a regular basis

  नियमित रुपमा पिन परिवर्तन गर्ने ।

5. **Availability & Disclosure:** SRDB shall endeavor to provide the services to the Customer. SRDB may alter the services availed to the Customer with or without giving prior notice. SRDB reserves the right to offer the services for those Customers who are using the specific mobile network operator(s) only.Access of the Customer to the services shall be restricted to the designated Mobile Number only. Instructions of the Customer shall be effected only after authentication of the Customer by means of verification of the Mobile Number and the allotted PIN or through any other mode of verification as may be stipulated at the discretion of SRDB. SRDB shall not be responsible for the delay in carrying out the instructions due to any reason beyond its control whatsoever including failure of the party service provider, operational system or due to any requirement of law.

**उपलब्धता र उद्घोषण:** विकास बैंकले ग्राहकलाई सेवा प्रदान गर्न प्रयत्न गर्नेछ । विकास बैंकले पूर्व सूचना दिई वा नदिई ग्राहकलाई उपलब्ध गराएको सेवा परिवर्तन गर्न सक्नेछ । कुनै निश्चित मोबाइल नेटवर्क सेवा प्रदायकको सेवा उपभोग गर्ने ग्राहकलाई मात्र सेवा प्रदान गर्ने गरी प्रस्ताव गर्ने अधिकार विकास बैंकमा निहित रहनेछ । तोकिएको मोबाइल नम्बरबाट मात्र सेवामा ग्राहकको पहुँच हुनेछ । मोबाइल नम्बरको प्रमाणीकरण र प्रदत्त पिन वा विकास बैंकको निर्देशनमा उल्लेखित हुन सक्ने अन्य प्रमाणीकरणका तरिकाद्वारा ग्राहकको सम्पुष्टी भएपश्चात मात्र ग्राहकको निर्देशन प्रभावकारी हुनेछ । तेश्रो पक्ष सेवा प्रदायक र सञ्चालन पद्धतीको असफलता वा कानूनी आवश्यकता लगायतका काबु बाहिरको कुनै कारणले निर्देशन कार्यान्वयनमा ढिलाईका लागि विकास बैंक जिम्मेवार हुनेछैन ।

6. **Bank's Authority:** By accepting this agreement the Customer irrevocably and unconditionally authorizes SRDB to access all his accounts for effecting all Mobile Banking transactions. Customer further authorizes SRDB to share the account information with third parties if necessary, for the purpose of accepting / executing Customer's request.

**बैंकको अख्तियारी:** यो सम्झौतालाई स्वीकारी ग्राहकले सबै मोबाइल बैंकिङ्ग कारोवारलाई प्रभाव पार्ने गरी निजको सबै खातामा विकास बैंकको अपरिवर्तनीय र निशर्त पहुँच हुने कुरालाई स्वीकारेको छ । ग्राहकको अनुरोधलाई स्वीकार्ने/कार्यान्वयन गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार तेश्रो पक्षलाई खाताबारे जानकारी गराउने अख्तियारी समेत ग्राहकले विकास बैंकलाई प्रदान गरेको छ ।

7. **Disclaimer of Liability:** SRDB shall not be responsible for any failure on the part of the Customer to utilize the services due to the Customer not being within the geographical range within which the services are offered. If the Customer has reasons to believe that his/her Mobile Number or his/her mobile is lost, he/she shall immediately inform to SRDB. The Customer agrees that SRDB shall not be liable on following conditions:

**उत्तरदायित्वको इन्कारी:** सेवा प्रदान गरिएको भौगोलिक दायरामा ग्राहक नरहेको कारणले निजले सेवा उपभोग गर्न नपाएमा विकास बैंक जिम्मेवार हुने छैन । यदि ग्राहकको मोबाइल नम्बर अन्य व्यक्तिलाई प्रदान गरिएको वा निजको खाताबाट अनाधिकृत कारोबार भएको वा निजको मोबाइल फोन हराएको विश्वास गर्नुपर्ने कारण विद्यमान भएमा निजले विकास बैंकलाई तत्काल जानकारी दिनुपर्नेछ । देहायको अवस्थाका लागि विकास बैंक जिम्मेवार नहुने कुरामा ग्राहक सहमत छ ।

(a) The Customer knowingly or unknowingly shares the PIN with third parties

ग्राहकले जानी जानी वा अन्जानमा तेश्रो पक्षलाई पिनका बारेमा बताएमा ।

(b) The Customer has breached any of the terms and conditions herein

ग्राहकले यसमा उल्लेखित कुनै शर्त उल्लंघन गरेमा ।

(c) The Customer fails to advice SRDB within a reasonable time about unauthorized access or erroneous transactions in their account

खाताबाट भएको अनाधिकृत कारोबार वा त्रुटीपूर्ण कारोबारका बारेमा उचित समय भित्र विकास बैंकलाई जानकारी नगराएमा ।

(d) The Customer fails to advice SRDB about the change / termination of the Customer's Mobile Number

ग्राहकको मोबाइल नम्बर परिवर्तन भएको/समाप्त भएको बारेमा निजले विकास बैंकलाई लिखित जानकारी नगराएमा ।

The Customer agrees that the access to the services shall be only through the Mobile Number and any transaction which originates from the same, whether initiated by the Customer or not, shall be deemed to have originated from the Customer. Under no circumstance, SRDB shall be held liable if the services are not available for reasons including but not limited to natural calamities, legal restraints, error & omission by the mobile network provider, network failure, third party Service Provider or any other reason beyond the control of SRDB. SRDB shall not be liable under any circumstances for any damage whatsoever whether such damages are direct, indirect, incidental consequential and irrespective of whether any claim is based on loss of revenue, interruption of business of any loss of any character of nature whatsoever and whether sustained by the Customer or by any other person. Illegal or improper use of the services shall make the Customer liable for payment

of financial charges as decided by SRDB or will result in suspension of the services to the Customer.

मोबाइल नम्बरको माध्यमबाट मात्र सेवामा पहुँच हुने कुरा ग्राहक स्वीकार गर्दछ र ग्राहकले गरेको वा नगरेको भएपनि सो नम्बरबाट भएको कुनैपनि कारोबार ग्राहकले नै गरेको मानिनेछ। प्राकृतिक प्रकोप, कानूनी अवरोध, मोबाइल नेटवर्क प्रदायकको त्रुटी र कार्यलोप, असफल नेटवर्क, तेश्रो पक्ष सेवा प्रदायक र विकास बैंकको काबु बाहिरको कुनै कारण लगायत अन्य कुनै कारणले सेवा उपलब्ध हुन नसकेमा विकास बैंक कुनै पनि अवस्थामा जिम्मेवार हुने छैन। कुनै पनि प्रत्यक्ष, अप्रत्यक्ष, आकस्मिक, आनुषाङ्गिक हानी र आयको नोक्सानी, व्यवसायमा बाधा वा ग्राहक वा अन्य व्यक्तिले बहन गरेको कुनैपनि प्रकार वा प्रकृतिको हानी नोक्सानीका लागि विकास बैंक कुनैपनि अवस्थामा जिम्मेवार हुने छैन। सेवाको कानून विपरित वा अनुचित प्रयोग भएमा विकास बैंकले निर्धारण गरे बमोजिमको आर्थिक व्ययभार ग्राहकले भुक्तानी गर्नुपर्नेछ र परिणामतः ग्राहकलाई दिइएको सेवा निलम्बन हुनेछ।

8. **Indemnity:** In consideration of SRDB providing the services, the Customer agrees to indemnify and keep safe, harmless and indemnify SRDB from and against all actions, claims, demands, proceedings, loss, damages, costs, charges and expenses whatsoever SRDB may incur, sustain, suffer or be put to at any time as a consequence of acting on or omitting or refusing to act on any instructions given by use of the services. The Customer holds SRDB, harmless against any loss incurred by the Customer due to failure to provide the services or any delay in providing the services due to any failure or discrepancy on part of the Mobile Network Provider. The Customer agrees to indemnify and hold SRDB harmless for any losses occurring as a result of:

**सुरक्षा:** विकास बैंकले सेवा प्रदान गर्दा सेवा प्रयोग सम्बन्धमा दिइएका निर्देशन बमोजिम कार्य गर्न इन्कार गरिएको वा कुनै कार्यको परिणाम स्वरुप विकास बैंकले व्यहोर्नु पर्ने, बहन गर्नुपर्ने, भोग्नुपर्ने सबै कारवाही, दावी, माग, लागत, दस्तुर, खर्चबाट विकास बैंकलाई सुरक्षित, खतरामुक्त र सुरक्षित राख्न ग्राहक मञ्जुर गर्दछ। मोबाइल नेटवर्क प्रदायकको असफलता वा कमि कमजोरीका कारण सेवा प्रदानमा हुन गएको ढिलाई वा सेवा प्रदान गर्न नसकेको कारण ग्राहकलाई पुगेको हानि नोक्सानीबाट समेत विकास बैंकलाई ग्राहकले सुरक्षित बनाएको छ। ग्राहक विकास बैंकलाई सुरक्षित पार्न र देहायका कार्यको परिणामस्वरुप भएको हानि नोक्सानीबाट सुरक्षित पार्न सहमत छ।

(a) The Customer permitting any third parties to use the services

ग्राहकले तेश्रो पक्षलाई सेवा प्रयोग गर्न अनुमति दिएको।

(b) The Customer permitting any other person to have access to his mobile phone or as a consequence of leaving the mobile phone unattended or loss of mobile phone

मोबाइल फोनलाई ध्यान नदिई छोडिएको वा मोबाइल हराएको कारणले ग्राहकले अन्य व्यक्तिलाई निजको मोबाइलसम्म पहुँचको अनुमति दिएको।

(c) In the event of change in Mobile Number specified herein this application, the Customer shall inform SRDB immediately. Failure to do so shall not make SRDB liable and responsible for any consequences of whatsoever nature arising there from

यस निवेदन पत्रमा उल्लेखित मोबाइल नम्बर परिवर्तन भएको स्थितिमा ग्राहकले विकास बैंकलाई तत्काल सूचित गर्नुपर्नेछ। यसो नगरिएमा त्यसबाट उत्पन्न कुनै पनि प्रकृतिको परिणामप्रति विकास बैंकलाई उत्तरदायी र जिम्मेवार बनाउन सकिने छैन।

9. **Fee:** SRDB shall have the sole discretion to set specific fees chargeable on the services and may revise the same from time to time as and when deemed necessary with or without prior notice to the Customer. Further, it is the sole liability of the Customer to pay for all fees charged to them by the Mobile Network Providers for using the Mobile Network such as NTC & Ncell.

**शुल्क:** विकास बैंकलाई सेवामा लाग्ने शुल्क निर्धारण गर्ने र ग्राहकलाई पूर्व सूचना दिई वा नदिई समय समयमा आवश्यकता अनुसार शुल्क परिमार्जन गर्ने एकल स्वःविवेकाधिकार हुनेछ। साथै, मोबाइल नेटवर्क प्रदान गरेवापत लागेको सम्पूर्ण शुल्क एनटिसी, एनसेल जस्ता मोबाइल नेटवर्क प्रदायकलाई तिर्ने एकल जिम्मेवारी ग्राहकको हुनेछ।

10. **Amendment:** SRDB has the absolute discretion to amend or supplement any of the terms and conditions at any time and such amended terms and conditions will thereupon apply to and be binding on the Customer.

**संशोधन:** विकास बैंकलाई कुनैपनि समय कुनैपनि शर्त संशोधन गर्ने वा थप शर्त निर्धारण गर्ने पूर्ण स्वविवेकाधिकार हुनेछ र त्यस्ता संशोधित शर्त ग्राहकलाई लागु हुनेछ र निजका लागि बाध्यात्मक हुनेछ।

11. **Termination:** To terminate the service, the Customer shall notify SRDB through a written notice. The Customer will remain responsible for any transactions made through his Mobile Number prior to the time of such cancellation of services. SRDB may, at its discretion, withdraw temporarily or terminate the services, either wholly or in part, at any time with or without giving prior notice to the Customer. SRDB may, without prior notice, suspend the services at any time for reasons including maintenance work or repair or in case of any emergency or for security reasons. The closures of accounts of the Customer will automatically terminate the services. SRDB may suspend or terminate services without prior notice if the Customer has breached these terms and conditions of if SRDB learns of the death, bankruptcy or lace of legal capacity of the Customer or any other situation as SRDB may deem fit.

**समाप्ती:** सेवा अन्त्य गर्न ग्राहकले विकास बैंकलाई लिखित सूचना दिनुपर्नेछ। यसरी सेवा समाप्त गर्नुभन्दा अघि ग्राहकका मोबाइल फोन नम्बरबाट भएका सबै कारोबार प्रति ग्राहक उत्तरदायी रही रहनेछ। विकास बैंकले आफ्नो स्वविवेकमा ग्राहकलाई पूर्व सूचना दिई वा नदिई कुनैपनि समयमा पूरै वा आंशिक रुपमा सेवा अस्थायी रुपमा फिर्ता लिन वा समाप्त गर्न सक्नेछ। मर्मत सम्भार कार्य वा आकस्मिक कारण परेमा वा सुरक्षा समेतका कारणले विकास बैंकले पूर्व सूचना नदिई कुनैपनि समयमा सेवालाई निलम्बन गर्न सक्नेछ। ग्राहकले खाता बन्द गरेमा सेवा स्वतः समाप्त हुनेछ। ग्राहकले यी शर्तहरु उल्लंघन गरेमा वा ग्राहकको मृत्यु, टाट पल्टाइ वा कानूनी क्षमताको अभाव भएको जानकारी हुन आएमा वा विकास बैंकले उचित ठानेको अन्य कुनै अवस्थामा विकास बैंकले पूर्व सूचना नदिई सेवा निलम्बन गर्न वा समाप्त गर्न सक्नेछ।

12. **Validity:** Validity of the Mobile Banking service shall be for 1 year subject to automatic renewal unless a written request is provided by the customer not to renew the Mobile Banking service

**वैधता:** मोबाइल बैंकिङ्ग सेवा को वैधता १ वर्षको हुनेछ, मोबाइल बैंकिङ्ग सेवा नविकरण नगर्ने लिखित अनुरोध नआएमा मोबाइल बैंकिङ्ग सेवा स्वतः नविकरण हुनेछ।

I/We have read and understood the terms and conditions overleaf and agree to abide by them at all times.

मैले/हामीले माथि उल्लेखित शर्त तथा बन्देजहरु, पढे/पढ्यौं र बुझें/बुझ्यौं र सदैव सो अनुरुप गर्ने मन्जुरी दिन्छु/दिन्छौं।

.....................
Company's Seal
(कम्पनी छाप)

...........................
Authorized Signature
(आधिकारिक दस्तखत)